# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७६।११।१९ गते।

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको।**

जिल्ला तनहुँ, भानु नगरपालिका वडा नं. १३ का वडासदस्य कृष्ण बहादुर अधिकारीमार्फत भानु नगरपालिकामा कार्यरत इन्जिनियर शुकदेव अधिकारीले विद्यालयको भवन निर्माण सम्पन्न गरी भुक्तानी सिफारिस/कार्यसम्पन्न प्रतिवेदन बनाई दिएकोसमेत बिभिन्न बहाना बनाई सेवाग्राहीसँग घुस/रिसवत माग गरीरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय पोखराबाट खटिई गएको टोलीद्वारा निजहरु वडासदस्य कृष्ण बहादुर अधिकारी र इन्जिनियर सुकदेव अधिकारीलाई रु.७५,०००/- (पचहत्तर हजार) लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा भानु नगरपालिकाका इन्जिनियर शुकदेव अधिकारीले भानु नगरपालिका वडा नं. १३ स्थित जनसहयोगी माध्यमिक विद्यालयमा नवनिर्मित ४ कोठे भवनको निर्माण सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन तथा भुक्तानी सिफारिस बनाई दिएको लगायतको बहाना बनाई सेवाग्राहीसँग वडासदस्य कृष्ण बहादुर अधिकारीमार्फत नियमानुसार गरेको कामको लागी रु. ७५,०००।— घुस/रिसवत रकम माग गरेको तथा वडासदस्य कृष्ण बहादुर अधिकारीले इन्जिनियर शुकदेव अधिकारीलाई सो घुस/रिसवत रकम मिलाउन भुमिका खेली उक्त घुस/रिसवत रकम लिएको निर्विवाद रुपमा पुष्टि हुन आएको हुँदा निज इन्जिनियर शुकदेव अधिकारीको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएकोले शुकदेव अधिकारीलाई बिगो रु. ७५,०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

साथै आरोपित कृष्ण बहादुर अधिकारीले भानु नगरपालिकाको इन्जिनियर शुकदेव अधिकारीलाई जनसहयोगी माध्यमिक विद्यालयमा नवनिर्मित ४ कोठे भवनको निर्माण सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन तथा भुक्तानी सिफारिस बनाई दिएबापत सेवाग्राहीसँग घुस/रिसवत माग गरी जनताको सेवा गर्न बसेको जनप्रतिनिधि जस्तो व्यक्ति भएर आफूलाईसमेत लाभ हुने देखी लिन खानको लागी गैरकानूनी रुपमा घुस/रिसवत मिलाई दिने भुमिका खेली सेवाग्राहीसँग घुस/रिसवत रु. ७५,०००।— बुझी सो रकम इन्जिनियर शुकदेव अधिकारीलाई दिई मतियारको भुमिका खेलेको पुष्टि हुन आएको हुँदा निज कृष्ण बहादुर अधिकारीको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरको मतियार हुने कसुर भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरीएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला